निर्वाचन आयोग, नेपाल
ELECTION COMMISSION, NEPAL

# स्थानीय तह निर्वाचन इ-बुलेटिन

• वर्ष १ • अङ्क २७ • २०७९ वैशाख २७ गते मंगलबार (May 10, 2022)

3
दिन बाँकी

**स्थानीय तह सदस्य निर्वाचन, २०७९ सम्पूर्ण तयारी पूरा**

# निर्धक्क भएर मताधिकारको प्रयोग गर्न मतदाताहरूलाई आयोगको आग्रह




**काठमाडौं-** स्थानीय तह सदस्य निर्वाचन २०७९ को सबै तयारी पूरा भएको निर्वाचन आयोगले जानकारी गराएको छ । मौन अवधि शुरु हुनुअघि आज मंगलबार प्रमुख निर्वाचन आयुक्त दिनेश कुमार थपलिया, आयुक्तहरू इश्वरीप्रसाद पौड्याल, रामप्रसाद भण्डारी, डा. जानकी कुमारी तुलाधर, सगुन शम्सेर ज.ब.रा. र सचिव गोकर्णमणि दुवाडीको उपस्थितिमा भएको विशेष पत्रकार सम्मेलनमार्फत आयोगले सो जानकारी गराएको हो ।

आयोगका प्रमुख आयुक्त थपलियाले वैशाख ३० गते हुने मतदानलाई स्वतन्त्र, भयरहित, निष्पक्ष र विश्वसनीय बनाउन सबै पक्षमा आव्हान गर्नुभयो । निर्वाचनको सबै तयारी पूरा भइसकेकाले निर्धक्क भएर मतदानमा सहभागी हुन उहाँले मतदाताहरूलाई आग्रह गर्नुभयो । मतदान अवधिमा तीन घेराको सुरक्षा व्यवस्थासहित सुरक्षा व्यवस्था चुस्त र भरपर्दो बनाइएकाले निर्धक्कसाथ मतदानमा सहभागी हुन उहाँले सबैमा आग्रह गर्नुभयो ।

निर्वाचन सम्पन्न गराउन सञ्चार माध्यमले उत्साहजनक सहयोग गरिरहेको र आगामी दिनमा पनि सो सहयोगको अपेक्षा व्यक्त गर्नुहुँदै उहाँले सञ्चार माध्यमलाई धन्यवाद व्यक्त गर्नुभयो । शान्तिपूर्ण वातावरणमा मतदान प्रक्रिया सम्पन्न गराउनमा मिडियाको भूमिका महत्वपूर्ण रहने उहाँले बताउनुभयो ।

आयोगका प्रवक्ता तथा सहसचिव शालिग्राम शर्मा पौडेलले बालिग मताधिकारको आधारमा संविधानले सबै नेपाली जनतालाई निर्वाचनमा सहभागी हुने अधिकार दिएको बताउनुभयो । 'वैशाख ३० गते हुने स्थानीय तह सदस्यको निर्वाचनमा कसैको डर, धाकधम्की र त्रास नमानी निर्धक्क भएर आफूले रोजेको प्रतिनिधिलाई मतदान गर्न आयोग सम्पूर्ण मतदाताहरुलाई हार्दिक अपिल गर्दछ' आयोगद्वारा जारी विज्ञप्तिमा उल्लेख छ ।

त्यस्तै, स्थानीय तह सदस्य निर्वाचनलाई स्वच्छ, स्वतन्त्र, निष्पक्ष, विश्वसनीय र भयमुक्त वातावरणमा सम्पन्न गर्न मुख्य निर्वाचन अधिकृत र निर्वाचन अधिकृतको कार्यालयहरूबाट सम्पूर्ण तयारी पूरा भइसकेको आयोगले जानकारी गराएको छ । 'यस निर्वाचनमा विभिन्न राजनीतिक दलका ३५५ जना विभिन्न पदाधिकारीहरु निर्विरोध निर्वाचित भइसकेका छन् भने ६ वडा अध्यक्षसहित ३५ जना स्वतन्त्र सदस्यहरु समेत निर्विरोध निर्वाचित भएका छन्' विज्ञप्तिमा भनिएको छ, 'यो निर्वाचनमा १० हजार ७ सय ५६ मतदानस्थलका २१ हजार ९ सय ५५ मतदान केन्द्रहरूबाट १ करोड ७७ लाख ३३ हजार ७ सय २३ मतदाताले जम्मा ३५ हजार २ सय २१ जनामध्ये निर्विरोध निर्वाचित भएका बाहेकका पदमा प्रतिनिधि छनौट गर्नका लागि मतदान गर्दैछन् ।'

(बाँकी पृष्ठ २)

## निर्वाचन आयोगका पदाधिकारी



प्रमुख निर्वाचन आयुक्त
**दिनेश कुमार थपलिया**



निर्वाचन आयुक्त
**इश्वरीप्रसाद पौड्याल**



निर्वाचन आयुक्त
**रामप्रसाद भण्डारी**



निर्वाचन आयुक्त
**डा. जानकी कुमारी तुलाधर**



निर्वाचन आयुक्त
**सगुन शम्सेर ज. ब. रा.**



सचिव
**गोकर्णमणि दुवाडी**

# निर्धक्क भएर...

मतदान केन्द्रमा आवश्यक हुने निर्वाचन सामग्रीहरूसहित १ लाख ९ हजार ८८ जना कर्मचारी र ६५ हजार ८ सय ६५ जना स्वयंसेवकहरू आ-आफ्नो मतदान केन्द्रमा पुगिसकेको आयोगले जानकारी गराएको छ । ‘स्थानीय तह निर्वाचनमा भाग लिने भनि दर्ता भएका ७९ वटा राजनीतिक दलहरुमध्ये जम्मा ६५ वटा राजनीतिक दलहरु चुनावी प्रतिस्पर्धामा छन् । ५५ हजार ६९८ जना महिला र ८९ हजार ३ सय १३ जना पुरुष गरी विभिन्न राजनीतिक दल र स्वतन्त्र उम्मेदवार समेत जम्मा १ लाख ४५ हजार ११ जना चुनावी प्रतिस्पर्धामा रहेका छन्’ विज्ञप्तिमा उल्लेख छ ।

निर्वाचनमा मतदाताले शान्तिपूर्ण वातावरणमा निर्वाधरुपले मतदान गर्ने अधिकारको सुनिश्चितताका लागि शान्ति सुरक्षाको कडा व्यवस्था मिलाउन नेपाल सरकारलगायत सम्बन्धित स्थानीय प्रशासनहरूलाई आवश्यक निर्देशन दिइसकिएको आयोगले जनाएको छ । वैशाख २८ र २९ गते सबै मतदानस्थलहरूमा मतदान केन्द्रका लागि खटिएका मतदान टोलीहरूबाट मतदाता परिचयपत्र वितरण र मतदाता शिक्षा अन्तर्गत मतदान गर्ने सही तरिकाबारे जानकारी दिने कार्यक्रम रहेको पनि आयोगले जनाएको छ ।

पहिलो पटक मतदाता नामावलीमा नाम दर्ता गराएका नयाँ मतदाता र परिचयपत्र हराएको भनि सम्बन्धित जिल्ला निर्वाचन कार्यालयहरुमा निवेदन दिएका मतदातालाई वैशाख २८ र २९ गते सम्बन्धित मतदान स्थलबाट मतदाता परिचयपत्र वितरण गरिने पनि आयोगका प्रवक्ता पौडेलले बताउनुभयो । ‘बढीभन्दा बढी मतदाताहरुलाई मतदानसम्बन्धी जानकारी उपलब्ध गराउन सरकारी संचारमाध्यम लगायत आमसञ्चार माध्यमहरू तथा सामाजिक सञ्जालको प्रयोग गरी श्रब्यदृश्यको माध्ययमबाट विभिन्न जानकारीमूलक सन्देशहरु प्रसारण भइरहेका छन्’ आयोगले विज्ञप्ति मार्फत भनेको छ, ‘मुख्य निर्वाचन अधिकृत, निर्वाचन अधिकृत, स्वयंसेवकलगायत मतदान कार्यमा खटिने सम्पूर्ण जनशक्तिहरुलाई विभिन्न चरणमा आवश्यक तालिम तथा प्रशिक्षणको कार्य समेत सम्पन्न भई मतदान स्थलमा पुगिसकेका छन् ।’

‘निर्वाचन आचारसंहिता उल्लङ्घन गर्ने विभिन्न दल, उम्मेदवार र व्यक्तिलाई आयोगमा प्राप्त उजुरी र जानकारीका आधारमा आचारसंहिता विपरीत भएका कार्यहरु हटाउन आदेश दिने, स्पष्टीकरण सोध्ने, सचेत गराउनेजस्ता कार्यहरु भइरहेका छन्’ विज्ञप्तिमा भनिएको छ, ‘आचारसंहिताको पूर्ण कार्यान्वयनका लागि आयोगले उल्लङ्घनका घट्नामा तत्काल कारवाही गर्न सक्ने अधिकार समेत दिई १९ वटा उच्चस्तरीय टोली संवेदनशील ठानिएका विभिन्न स्थानहरुमा परिचालन गरेको छ ।’

अनुगमन टोलीलाई निर्वाचनको गोपनीयतामा प्रतिकूल असर नपर्नेगरी निर्वाचन कार्यसँग सम्बन्धित दृश्यको छायाङ्कन गर्न आवश्यकताअनुसार भिडियो क्यामेरा वा अन्य विद्युतीय उपकरण प्रयोग गरी दृश्य छायाङ्कंन गर्नसक्ने आयोगले प्रष्ट पारेको छ । विज्ञप्तिमा भनिएको छ, ‘मौन अवधिमा आमसभा, कार्यशाला, गोष्ठी, सम्मेलन, भोजभत्तेर, पैसा बाँड्ने काम भए नभएको र सामाजिक सञ्जालमा मिथ्या सूचना, दुष्प्रचार र द्वेषपूर्ण अभिव्यक्ति दिने काम भए नभएको अनुगमन गरी त्यस्तो कार्य भएगरेको पाइएमा तत्काल आवश्यक कारवाही गरी आयोगलाई जानकारी गराउने अधिकार दिइएको छ ।’

मौन अवधिमा कुनै माध्यमबाट निर्वाचन प्रचार प्रसार गर्न तथा मतदातालाई प्रभाव पार्ने किसिमका कुनै पनि गतिविधि गर्न नपाइने आयोगले प्रष्ट पारेको छ । सो अवधिमा उम्मेदवार, दलका कार्यकर्ता तथा सम्बन्धित व्यक्तिहरुको सम्बन्धमा निगरानी राखी त्यस्तो गतिविधि हुन नदिने तथा मतदानको दिन मतदातालाई सुरक्षित रूपमा मतदान केन्द्रसम्म पुग्न र मतदान केन्द्रबाट फर्किन सक्ने वातावरण निर्माण गर्नुपर्ने भएकाले मतदातालाई कुनै पनि प्रकारको अवरोध हुन नदिन आवश्यक व्यवस्था मिलाउन मुख्य निर्वाचन अधिकृत, निर्वाचन अधिकृत तथा सबै स्थानीय प्रशासनहरुलाई आयोगले निर्देशन दिएको जनाएको छ ।

‘निर्वाचनको व्यवस्थापकीय कार्यलाई थप सहज बनाउन, राजनीतिक दल तथा उम्मेदवारबाट हुने अवाञ्छित गतिविधिलाई रोक्न तथा मतदानका लागि सुरक्षित तथा भयरहित वातावरण सिर्जना गर्न निर्वाचनमा मौन अवधि आवश्यक हुन्छ’ विज्ञप्तिमा भनिभएको छ, ‘यो अवधि मतदानको समयभन्दा ४८ घन्टा अगाडि अर्थात् वैशाख २७ गते मंगलबार राति

(बाँकी पृष्ठ ३)

# निर्धक्क भएर...

१२ बजेदेखि शुरु हुँदैछ ।' यस अवधिमा राजनीतिक दलका पदाधिकारी वा उम्मेदवार तथा दलको भातृ संगठन वा सम्बन्धित व्यक्तिले निर्वाचन प्रचार प्रसारलगायत कुनै पनि प्रकारका छलफल, अन्तरक्रिया, सभा सम्मेलन, कार्यशाला गोष्ठी आदि गर्न नहुने आयोगले प्रष्ट पारेको छ ।

राजनीतिक दल वा उम्मेदवारका प्रचार प्रसारका सामग्री राखिएको भएमा तत्काल हटाउनु पर्ने, कुनै पनि विधि, प्रक्रिया वा माध्यमबाट मत माग्न वा निर्वाचन प्रचार प्रसार गर्न नहुने आयोगले जनाएको छ । 'सामाजिक सञ्जाल, अनलाईन, छापा वा अन्य कुनै माध्यमबाट राजनीतिक दल वा उम्मेदवारको पक्ष वा विपक्षमा कुनै सन्देश, सूचना वा प्रचार प्रसारका सामग्री पोष्ट वा शेयर गर्न, गराउन नहुने हुँदा यस बमोजिम आचरण पालन गरिदिन सम्बन्धित सबैमा आयोगले आग्रह गरेको छ' आयोगको विज्ञप्तिमा उल्लेख छ ।

### आवतजावतमा रोक

मतदानको कार्य सम्पन्न नभएसम्मका लागि सबै अन्तर्राष्ट्रिय सीमाबाट हुने आवतजावतमा आयोगले रोक लगाएको छ । मतदान हुने दिन आन्तरिक रुपमा सञ्चालन हुने सबै प्रकारका यातायात बन्द गर्ने व्यवस्था मिलाइएको पनि आयोगले जनाएको छ । 'उम्मेदवार र अत्यावश्क सेवाका लागि सवारी आवागमन अनुमतिको मापदण्ड जारी गरी पास उपलब्ध गराउने व्यवस्था गरिएको छ' विज्ञप्तिमा अगाडि भनिएको छ, 'निर्वाचनमा शान्ति सुरक्षाको स्थिति कायम राख्न मौन अवधि शुरु भएपछि मतदानको कार्य सम्पन्न नभएसम्मका लागि स्थानीय प्रशासनको समन्वयमा तोकेका क्षेत्रमा मादक पदार्थको बिक्री वितरण र सेवन गर्न सख्त निषेध गरिएको छ ।'

### यस्तो छ अनुगमन गर्ने संरचना


निर्वाचन आचारसंहिता उल्लङ्घनको अनुगमनका लागि विभिन्न तहमा संरचना बनाइएको आयोगले जनाएको छ । आयोगको अनुगमन हेर्ने आयुक्तको संयोजकत्वमा केन्द्रीय आचारसंहिता अनुगमन समिति, जिल्लामा मुख्य निर्वाचन अधिकृतको संयोजकत्वमा जिल्ला आचारसंहिता अनुगमन समिति र स्थानीय तहमा निर्वाचन अधिकृतको संयोजकत्वमा स्थानीय तहको आचारसंहिता अनुगमन समितिको प्रबन्ध गरिएको आयोगले जनाएको छ ।

विशेष संवेदनशील मानिएका जिल्ला र पालिकामा विशेष अनुगमनका लागि अधिकार प्रत्यायोजनसहित विशेष अनुगमन टोली खटाइएको पनि आयोगले जनाएको छ । सो टोलीले आचारसंहिता विपरीत दल र उम्मेदवारले झण्डा, चिन्ह र गाडी प्रयोग गरेमा, अनाधिकृत रूपमा सामानको ओसारपसार वा नगद वा जिन्सी वितरण गरेको पाइएमा कब्जामा लिएर तत्काल कारवाही गर्न सक्ने अधिकार दिइएको आयोगका प्रवक्ता पौडेलले बताउनुभयो । उहाँकाअनुसार निर्वाचनमा सुरक्षाको प्रत्याभूति हुनेगरी आवश्यक व्यवस्था मिलाइएको छ, जसअन्तर्गत नेपाली सेनासहित तीन घेराको सुरक्षा प्रबन्ध गरिएको छ ।

## स्थानीय तह सदस्य निर्वाचन, २०७९

**वैशाख ३० गते, शुक्रबार**

**बिहान ७ बजेदेखि अपराह्न ५ बजेसम्म**




**मौन अवधि प्रारम्भ**

(२०७९ वैशाख २७ गते मंगलबार राती १२ बजेपछि)

**मौन अवधिमा निम्न लिखित कार्यहरू गर्न सख्त निषेध गरिएको छ :**

- कुनै पनि प्रकारका अन्तरक्रिया, छलफल, सभा सम्मेलन, कार्यशाला, गोष्ठी, भोजभतेर गर्न पाइँदैन ।
- कुनै पनि विधि, प्रक्रिया वा माध्यमबाट मत माग्न वा निर्वाचन प्रचारप्रसार गर्न पाइँदैन ।
- सामाजिक सञ्जाल, अनलाइन, छापा वा अन्य माध्यमबाट दल वा उम्मेदवारको पक्ष वा विपक्षमा कुनै सन्देश, सूचना वा प्रचारप्रसार सामग्री पोष्ट वा शेयर गर्न गराउन वर्जित गरिएको छ ।

  उपरोक्त कार्य गरे गराएको भेटिएमा निर्वाचन कसुर मानी कडा सजाय गरिनेछ ।
- मौन अवधि शुरू हुनुभन्दा अगाडि राखिएका राजनीतिक दल वा उम्मेदवारका प्रचारप्रसारका सामग्री हटाउनु पर्छ ।

# गुनासो नआउने गरी पर्यवेक्षण गर्न आयोगको आग्रह




**काठमाडौं–**निर्वाचन आयोगले स्थानीय तह सदस्य निर्वाचन, २०७९ मा पर्यवेक्षणका अनुमति प्राप्त संस्थालाई गुनासो नआउने गरी काम गर्न आग्रह गरेको छ ।

आम निर्वाचन पर्यवेक्षण समिति (जियोक) नेपाल ले स्थानीय तह निर्वाचनको पूर्वसन्ध्यामा गरिएको पर्यवेक्षणको प्रारम्भिक प्रतिवेदन सार्वजनिक गर्न मंगलबार आयोजित कार्यक्रममा आयोगका प्रवक्ता विगतका निर्वाचनमा कतिपय पर्यवेक्षक संस्थाहरूबारे गुनासो आएको स्मरण गराउँदै यस पटक त्यस्तो नहोस् भन्ने आयोगले चाहेको बताउनुभयो । कार्यक्रममा आयोगका प्रवक्ता एवं सहसचिव शालिग्राम शर्मा पौडेलले पर्यवेक्षण गर्ने संस्था र प्रतिनिधिले कुनै पनि दलको सदस्य हुन नहुने र पर्यवेक्षणका क्रममा तोकिएको आचारसंहिता पालना हुनुपर्नेमा जोड दिनुभयो । उहाँले विगतको तुलनामा निर्वाचन आचारसंहिता, २०७८ को उलङ्घन कम भए पनि आयोग अझै सन्तुष्ट नहरहेकाले स्पष्टीकरण र कारबाहीका प्रक्रिया अघि बढाइएको बताउनुभयो ।

प्रवक्ता पौडेलले उम्मेदवारहरूका लागि तोकिएको खर्च सीमाबमोजिम खर्च हुनुपर्ने र उम्मेदवारले बुझाउने खर्चको विवरणमा चित्त नबुझे आयोगले लेखा परीक्षण गराउन सक्ने स्पष्ट पार्नुभयो ।

## निर्वाचन प्रक्रियामा सुधार

जियोगको प्रारम्भिक प्रतिवेदनमा विगतका निर्वाचनभन्दा स्थानीय तह सदस्य निर्वाचन, २०७९ मा कानूनी तथा व्यवहारिक जटिलताबाहेक निर्वाचन प्रक्रियामा सुधार हुँदै गएको पाइएको उल्लेख छ। जियोगले स्थानीय तहको निर्वाचन पूर्व गरेको पर्यवेक्षणका क्रममा छिट्पुट घटनाबाहेक मनोनय दर्ता शान्तिपूर्ण रूपमा भएको जनाएको छ ।

समितिले स्थानीय तह निर्वाचनका लागि ३० जिल्लाका २०० पालिकामा ४०० प्रतिनिधिमार्फत पर्यवेक्षण गरेको छ । राजनीतिक दल दर्ता, उम्मेदवारी दर्ता प्रक्रियादेखि मौन अवधि सुरु हुनु एक दिन अगाडिसम्मका सम्पूर्ण वस्तुस्थिति समावेश गरिएको निर्वाचनपूर्व पर्यवेक्षण प्रतिवेदन आज सार्वजनिक गरिएको हो ।

राजनीतिक दल, उम्मेदवार र मतदातासमेत परिपक्व हुँदै गएको, एकाध ठाउँमा बाहेक दल तथा उम्मेदवार शान्तिपूर्णरुपमा प्रचारप्रसारमा खटिइएको, दल तथा उम्मेदवारले एकआपसका विरुद्ध बल प्रयोग गरेको नदेखिएको आज सार्वजनिक निर्वाचनपूर्व पर्यवेक्षण प्रतिवेदनमा उल्लेख छ।

राजनीतिक दलका कार्यकर्ता चुनावी प्रचारप्रसारमा संयमित भएका कारण मतदाताले सुरक्षित महसुस गरेको जियोकले जनाएको छ । पर्यवेक्षणका क्रममा राजनीतिक दलका कार्यकर्ताबीच आपसमा खासै तिक्तता, द्वेष र घृणाको अवस्था नपाइएको, प्रचारप्रसारमा विगतका निर्वाचनभन्दा संयमित भएको पाइएको तथा उम्मेवारी छनोटमा भएको असन्तुष्टिका कारण उम्मदेवारी दर्ताका दिन दलभित्रै केही ठाउँमा झडप भएको पाइएको छ ।

निर्वाचन आचारसंहिता पालनामा राजनीतिक दल तथा सरोकारवाला सचेत भए तापनि उम्मेदवारी दर्ताका दिन उम्मेदवारबाट शक्ति प्रदर्शन गर्ने ध्येयले बाजागाजा, ठूला ब्यानर र झण्डासहित निर्वाचन कार्यालयमा उपस्थित भएको पाइएको प्रतिवेदनमा उल्लेख छ।

निर्वाचन प्रचारप्रसारमा विगतजस्तो तुल, ब्यानरको प्रयोगमा कमी आएको भए पनि मत माग्न जाँदा दलीय गीत गाउने र माइकको चर्को स्वरका कारण मतदाता असन्तुष्ट भएको पर्यवेक्षणबाट देखिएको छ । प्रतिवेदन सार्वजनिक गर्न आयोजित कार्यक्रममा पूर्वप्रधानन्यायाधीश कल्याण श्रेष्ठले निर्वाचन प्रक्रियामा उल्लेख्य सुधार हुँदै गएको महसुस गरिन थालिएको बताउनुभयो । अर्का पूर्वप्रधानन्यायाधीश सुशीला कार्कीले लोकतन्त्रको विकासका लागि निर्वाचन स्वच्छ हुनुपर्ने उल्लेख गर्दै निर्वाचनलाई स्वच्छ, भयरहित र शान्तिपूर्ण बनाउन सरोकारवालासँग आग्रह गर्नुभयो ।

# मौन अवधिमा पालना गर्नुपर्ने आचरण

मौन अवधिमा राजनीतिक दलका पदाधिकारी वा उम्मेदवार तथा दलको भातृ सङ्गठन वा सम्बन्धित व्यक्तिले देहायका आचरण पालना गर्नु पर्नेछ :-

(क) मौन अवधिभर निर्वाचन प्रचार प्रसार लगायत कुनैपनि प्रकारका छलफल, अन्तर कृया, सभा सम्मेलन, कार्यशाला गोष्ठी आदि गर्न नहुने,

(ख) मौन अवधि शुरू हुनुभन्दा अगाडि मतदान स्थलको तीन सय मिटर वरिपरि राखिएका राजनीतिक दल वा उम्मेदवारका प्रचार प्रसारका सामग्री हटाउनु पर्ने,

(ग) कुनै पनि विधि, प्रक्रिया वा माध्यमबाट मत माग्न वा निर्वाचन प्रचार प्रसार गर्न नहुने,

(घ) सामाजिक सञ्जाल, अनलाईन, छापा वा अन्य कुनै माध्यमबाट राजनीतिक दल वा उम्मेदवारको पक्ष वा विपक्षमा कुनै सन्देश, सूचना वा प्रचार प्रसारका सामग्री पोष्ट वा शेयर गर्न वा गराउन नहुने ।

**मतदानको दिन पालना गर्नुपर्ने आचरण :**

मतदानको दिन राजनीतिक दल, उम्मेदवार तथा दलको भातृ सङ्गठन वा सम्बन्धित व्यक्तिले देहायका आचरण पालना गर्नु पर्नेछ :-

(क) मतदान केन्द्रमा राजनीतिक दल वा उम्मेदवारको प्रतिनिधिले निर्वाचन चिन्ह वा मत सङ्केत भएको पहिरन वा व्याज लगाउन नहुने,

(ख) मतदान केन्द्रमा कुनै राजनीतिक दल वा उम्मेदवारको पहिचान देखिने एकै किसिमको साङ्केतिक पोशाक र चीजवस्तु लगाउन, बोक्न वा देखाउन नहुने,

(ग) कुनै किसिमको सवारी साधन प्रयोग गरी आवत जावत गर्न वा कसैलाई लैजाने वा ल्याउने गर्न नहुने,

तर सात महिनाभन्दा बढी अवधिको गर्भवती महिला, सुत्केरी, साथमा आफ्नै बच्चा बोकेकी महिला, क्रियापुत्री, शारीरिक रूपले अशक्त वा अपाङ्गता भएका व्यक्ति, हिँडडुल गर्न नसक्ने जेष्ठ नागरिक जस्ता मतदाताको लागि निर्वाचन अधिकृतले अनुमति दिएको सवारी साधन प्रयोग गर्न बाधा पर्ने छैन ।

(घ) मतदाता तथा आयोगले अनुमति दिएका व्यक्ति वा अधिकारी बाहेक अन्य कुनै पनि व्यक्ति मतदान केन्द्रमा प्रवेश गर्न नहुने ।

**मतदाताले पालना गर्नुपर्ने आचरण :**

मतदाताले देहायका आचरण पालन गर्नु पर्नेछ :-

(क) मतदान केन्द्रमा मतदान गर्न जाँदा प्रज्वलनशील ठोस वा तरल पदार्थ, मोबाइल, क्यामरा साथमा लिएर जान नहुने,

(ख) मतदान केन्द्रमा मतदान गर्न जाँदा कुनै नशालु पदार्थ वा मादक पदार्थ सेवन गर्न नहुने,

(ग) मतदातालाई मतदान गर्न जान वा मतदान गर्नबाट वञ्चित गराउने अभिप्रायले झुट्टा अफवाह, भ्रामक समाचार फैलाउन वा कुनै अवरोध गर्ने काम गर्न वा गराउन नहुने,

(घ) मतदान गर्न जाँदा राजनीतिक दल वा उम्मेदवारको निर्वाचन चिन्ह, झण्डा वा कुनै सङ्केत अङ्कित कपडा, टिसर्ट, ज्याकेट, गम्छा, टोपी वा क्याप, भेष्ट, लोगो, व्याच, मास्क, स्टिकर लगाउन वा झोला बोक्न नहुने,

(ङ) मतदान गर्न जाँदा मतदाताको शरीरको कुनै भागमा बनाईएको उम्मेदवारको फोटो, दल वा उम्मेदवारको निर्वाचन चिन्ह वा झण्डा अङ्कित ट्याटु प्रदर्शन गर्न नहुने,

(च) कसैको पक्ष वा विपक्षमा एस.एम.एस., फेसबुक, मेसेञ्जर, ट्वीटर, भाइवर, यूट्युब, इन्स्टाग्राम जस्ता विद्युतीय माध्यम प्रयोग गरी तथ्यहीन सामग्री प्रकाशन, प्रसारण वा सम्प्रेषण गर्न नहुने ।

**मतदान तथा मतगणना प्रतिनिधिले पालना गर्नुपर्ने आचरण:**

राजनीतिक दल, उम्मेदवारको मतदान तथा मतगणना प्रतिनिधिले देहायका आचरण पालना गर्नुपर्नेछ :-

(क) राजनीतिक दल वा उम्मेदवारको निर्वाचन चिन्ह, झण्डा वा कुनै सङ्केत अङ्कित कपडा, टिसर्ट, ज्याकेट, गम्छा, टोपी वा क्याप, भेष्ट, लोगो, ब्याच, मास्क, स्टिकर लगाउन वा झोला बोक्न नहुने,

(ख) राजनीतिक दल वा उम्मेदवारको पहिचान देखिने एकै किसिमको साङ्केतिक पोशाक, लोगो, ब्याच जस्ता सामग्री लगाउन, बोक्न र देखाउन नहुने,

(ग) मतपत्र लगायतका निर्वाचन सामग्री छुन वा चलाउन वा बिगार्न वा फोटो खिच्न नहुने,

(घ) मतदानस्थल वा मतगणनास्थलमा दल वा उम्मेदवारको पक्ष वा विपक्षमा नाराबाजी वा हुलहुज्जत गर्न नहुने,

(ङ) क्यामरा, मोवाइल लगायतका निर्वाचन अधिकृतले अनुमति नदिएका सामग्री मतगणनास्थलमा लैजान नहुने ।

**पर्यवेक्षण संस्थाले पालना गर्नुपर्ने आचरण :**

पर्यवेक्षण संस्थाले देहायका आचरण पालना गर्नु पर्नेछ :-

(क) आयोगबाट अनुमति नलिई पर्यवेक्षण गर्न नहुने,

(ख) सरकारी वा सरकारी स्वामित्व भएका वा अर्धसरकारी संघ, संस्था, विश्वविद्यालय वा सामुदायिक विद्यालयका बहालवाला कर्मचारी वा शिक्षकलाई पर्यवेक्षण गर्न खटाउन नहुने,

(ग) पर्यवेक्षकलाई निजको स्थायी बसोबास भएको वा मतदाता नामावलीमा नाम समावेश भएको गाउँपालिका वा नगरपालिकाको वडामा पर्यवेक्षणका लागि खटाउन नहुने,

(घ) पर्यवेक्षण कार्य समाप्त भएको तीस दिनभित्र आफ्नो संस्थाको आय र व्यय सार्वजनिक गर्नु पर्ने र सोको लिखित जानकारी आयोगलाई गराउनु पर्ने,

(ङ) मतदान समाप्त भएको पन्ध्र दिनभित्र प्रारम्भिक प्रतिवेदन र तीस दिनभित्र अन्तिम पर्यवेक्षण प्रतिवेदन आयोगमा बुझाउनु पर्ने ।

**पर्यवेक्षकले पालना गर्नुपर्ने आचरण: पर्यवेक्षकले देहायका आचरण पालना गर्नु पर्नेछ :-**

(क) पर्यवेक्षक परिचयपत्र सबैले देख्ने गरी लगाउनु पर्ने,

(ख) विभिन्न जातजाति, सम्प्रदाय, लिङ्ग, धर्म, भाषा, क्षेत्र र सँस्कृतिको सम्मान गरी स्वतन्त्र, निष्पक्ष, तटस्थ, विश्वसनीय ढङ्गले पर्यवेक्षण गर्नुपर्ने,

(ग) मतदान अधिकृतको अनुमति लिएर निश्चित दूरीबाट मात्र मतदान कार्यको पर्यवेक्षण गर्ने,

(घ) राजनीतिक दल वा उम्मेदवारको पक्ष वा विपक्षमा सार्वजनिक रूपमा वा आमसञ्चार माध्यममा कुनै किसिमको टिकाटिप्पणी गर्न नहुने,

(ङ) आयोगले अनुमति दिएको क्षेत्रमा मात्र पर्यवेक्षण गर्नुपर्ने,

(च) राजनीतिक दल, उम्मेदवार, कर्मचारी वा अन्य व्यक्तिसँग नगद वा जिन्सी वा उपहार वा अन्य कुनै सामान लेनदेन गर्न नहुने,

(छ) राजनीतिक दल वा उम्मेदवारको समर्थन वा विरोध हुने गरी निर्वाचन चिन्ह अङ्कित व्याच लगाउन वा अन्य कुनै माध्यमद्वारा प्रचारप्रसार वा प्रदर्शन गर्न नहुने,

(ज) निर्वाचनलाई प्रभावित पार्ने कुनै सूचना प्रवाह गर्न वा वक्तव्य दिन वा अवाञ्छित क्रियाकलाप गर्न नहुने,

(झ) सुरक्षा संवेदनशील स्थानमा पर्यवेक्षण गर्न नहुने,

(ञ) मतदाताले मत सङ्केत गरेको गोप्य कक्षमा तस्बिर खिच्न नहुने,

तर निर्वाचन अधिकृत वा मतदान अधिकृतको अनुमति लिई मतदानस्थलको घेरा बाहिर बाट तस्बिर खिच्न बाधा पर्ने छैन ।

(ट) निर्वाचन अधिकृत वा आयोगले निर्वाचनको अन्तिम परिणाम घोषणा गर्नु अघि उम्मेदवार विजयी भएको सूचना सम्प्रेषण गर्न वा गराउन नहुने,

(ठ) निर्वाचन कानून तथा निर्वाचन सामग्रीका सम्बन्धमा निर्वाचनलाई असर पर्ने गरी नकारात्मक टिकाटिप्पणी गर्न नहुने,

(ड) मतदान केन्द्रमा खटिएका मतदान अधिकृत तथा अन्य कर्मचारीलाई निजहरूको कार्यसम्पादनमा बाधा पुऱ्याउन नहुने,

(ढ) निर्वाचन सम्पन्न भएको पन्ध्र दिनभित्र प्रारम्भिक प्रतिवेदन र तीस दिनभित्र अन्तिम प्रतिवेदन आयोगमा बुझाउनु पर्ने ।

# नमुना मतदान गरिँदै

तस्बिरहरू : रासस




स्थानीय तह निर्वाचनको पूर्व सन्ध्यामा जिल्ला निर्वाचन कार्यालय दार्चुलाद्वारा सोमबार महाकाली नगरपालिकाको खुलामञ्चमा आयोजित नमूना मतदान कार्यक्रममा मतदान गर्दै एक वृद्ध ।




प्रदेश निर्वाचन कार्यालय पोखराको आयोजना र नेपाल पत्रकार महासंघ कास्की शाखाको सहकार्यमा पोखरामा सोमबार आयोजना गरिएको नमूना मतदान कार्यक्रममा मतदान गर्दै सञ्चारकर्मी तथा सर्वसाधारण ।



यही वैशाख ३० गते हुने स्थानीय तह निर्वाचनका लागि मतदान केन्द्र लैजान कोष तथा लेखा नियन्त्रण कार्यालय विराटनगरमा कर्मचारीले राखेका मतपत्र र मतदान सामग्री ।



यही वैशाख ३० गते हुने स्थानीय तह निर्वाचनका लागि जिल्ला निर्वाचन कार्यालय तनहुँबाट सोमबार मतदान सामग्री बुझेपछि रुजु गर्दै मतदान केन्द्रमा खटिएका कर्मचारी । निर्वाचन कार्यालयले सोमबारदेखि मतदान केन्द्रमा खटिने कर्मचारीलाई सामग्री वितरण सुरु गरेको छ ।




मुख्य निर्वाचन अधिकृतको कार्यालयबाट मतदान सामग्री बुझेर मतदान केन्द्रतर्फ जाँदै गरेका कर्मचारी । म्याग्दीका मतदान केन्द्रमा कर्मचारी परिचालन हुन थालेका छन् ।



वैशाख ३० गते हुने स्थानीय तह निर्वाचनको लागि जिल्ला निर्वाचन कार्यालय काभ्रेपलाञ्चोकको धुलिखेलबाट मतदान सामग्री बुझेपछि रुजु गर्दै मतदान केन्द्रमा खटिएका कर्मचारी ।



सुर्खेत वीरेन्द्रनगरस्थित मुख्य निर्वाचन अधिकृतको कार्यालयबाट निर्वाचन सामग्री बुझेर मतदान केन्द्रतर्फ जाँदै कर्मचारी ।



यही वैशाख ३० गते हुने स्थानीय तह निर्वाचनको लागि आवश्यक सामग्री लिएर मतदान अधिकृतसहित सुरक्षाकर्मी दार्चुलाको विभिन्न मतदान केन्द्रतर्फ जाँदै ।

# मतदानका सामग्री बुझ्दै कर्मचारी



वैशाख ३० गते हुने स्थानीय तहको निर्वाचनका लागि मतदानको सामग्री बुझ्दै चितवनमा निर्वाचनमा खटिएका कर्मचारी ।



जुम्ला सदरमुकाम खलङ्गास्थित मुख्यनिर्वाचन अधिकृतको कार्यालयबाट मतदान केन्द्रमा लैजान राखिएको निर्वाचन सामग्रीका साथमा सुरक्षाकर्मी ।



स्थानीय तह निर्वाचनका लागि मतदान केन्द्रमा लैजानुअघि दाङ जिल्लाको मुख्य निर्वाचन अधिकृतको कार्यालयमा मतदान सामग्री रुजु गर्दै कर्मचारी ।



निर्वाचन कार्यालय गण्डकी प्रदेश पोखराबाट यही वैशाख ३० गते हुने स्थानीय तह निर्वाचनका लागि मतदान केन्द्रहरूमा निर्वाचनका सामग्री लैजाँदै सुरक्षाकर्मी ।

# वैशाख २८ र २९ गते मतदाताहरूलाई मतदानस्थलमा मतदान गर्ने सही तरिका बारे जानकारी गराइने

**काठमाडौं–** निर्वाचन आयोगले स्थानीय तह सदस्य निर्वाचन, २०७९ मतदान हुने अघिल्ला दुई नमूना मतपत्रलगायतका पोष्टर, ब्रोसर आदि छपाइ सामग्रीहरुको माध्यमबाट मतदान गर्ने सही तरिकाबारे जानकारी गराउन सबै निर्वाचन अधिकृतको कार्यालयहरुलाई निर्देशन दिएको छ ।

आयोगले ७७ जिल्लाका मुख्य निर्वाचन अधिकृतको कार्यालय, ६७६ निर्वाचन अधिकृतको कार्यालय, सात प्रदेशका प्रदेश निर्वाचन कार्यालय, ७० जिल्ला जिल्ला निर्वाचन कार्यालयलाई पत्राचार गरी सो निर्देशन दिएको हो । निर्वाचन प्रचार प्रसार तथा मतदाता शिक्षा कार्यक्रम अन्तर्गत निर्वाचन तथा मतदाता शिक्षा निर्देशिका तथा स्थानीय तह निर्वाचन निर्देशिकामा मतदान स्थलमा मतदाता सूचना कक्षको माध्यमबाट मतदाता शिक्षा कार्यक्रम संचालन गर्ने व्यवस्था भएकोमा मतदानको दिन (वैशाख ३० गते) उक्त कार्यक्रम नगरी मतदानको अघिल्ला दुई दिन (वैशाख २८ र २९ गते) मतदान स्थलहरूमा सम्बन्धित मतदान अधिकृतहरूको नेतृत्वमा खटिने मतदान टोलीबाट आयोगले उपलब्ध गराएका मतदाता परिचयपत्रहरूको वितरण गर्ने र आयोगले उपलब्ध गराएका नमूना मतपत्र लगायतका पोष्टर, ब्रोसर आदि छपाइ सामग्रीहरूको माध्यमबाट मतदान गर्ने सही तरिका बुझाउन आग्रह गरिएको छ :

१. मतदान अधिकृतको नेतृत्वमा खटिएको मतदान कार्यटोली मतदानस्थलमा पुगेपछि वैशाख २८ र २९ गतेका दिन सबै मतदाताहरूलाई मतदान गर्ने तरिका र मतदाता शिक्षाको लागि उपस्थित हुन सूचना दिने र यस कार्यको लागि आवश्यकता अनुसार सर्वदलीय सर्वपक्षीय सहयोग लिने ।

२. मतदानस्थलमा उपस्थित मतदातालाई नमूना मतपत्र देखाएर मतदान गर्ने तरिकाको बारेमा निष्पक्ष रुपमा जानकारी दिने ।

३. मतदान गर्ने तरिका बारेमा मतदातालाई जानकारी गराउँदा कुनै पनि राजनीतिक दलको निर्वाचन चिन्हको नाम नलिने ।

४. मतदातालाई मतदाता शिक्षा सम्बन्धी जानकारी दिएपछि मतदान गर्ने दिन वैशाख ३० गते शुक्रबार बिहान ७.०० देखि अपरान्ह ५ बजे भित्र मतदान गर्न आउन आग्रह गर्ने ।

५. मतदान गर्न जाँदा मतदाताले मतदाता परिचयपत्र वा आयोगले तोकेको परिचय खुल्ने अन्य परिचयपत्र लिई जानुपर्ने कुरा जानकारी गराउने ।

६. मतपत्रमा स्वस्तिक छाप लगाई मतदान गर्ने तरिकाको बारेमा मतदातालाई देहाय अनुसार जानकारी प्रदान गर्ने :-

७. मतपत्रमा सातवटा निर्वाचन चिन्हमा मतसङ्केत गरी मतदान गर्नुपर्ने,

- पहिलो ठाडो लहरमा प्रमुख वा अध्यक्ष पदको उम्मेदवारको निर्वाचन चिन्हहरू मध्ये एउटा चिन्हमा,
- दोस्रो ठाडो लहरमा उपप्रमुख वा उपाध्यक्ष पदको उम्मेदवारको निर्वाचन चिन्हहरू मध्ये एउटा चिन्हमा,
- तेस्रो ठाडो लहरमा वडा अध्यक्ष पदको उम्मेदवारको निर्वाचन चिन्हहरू मध्ये एउटा चिन्हमा,
- चौथो ठाडो लहरमा महिला सदस्य पदको उम्मेदवारको निर्वाचन चिन्हहरू मध्ये एउटा चिन्हमा,
- पाँचौं ठाडो लहरमा दलित महिला सदस्य पदको उम्मेदवारको निर्वाचन चिन्हहरू मध्ये एउटा चिन्हमा,
- छैठौं र सातौं ठाडो लहरमा रहेका दुई सदस्य पदका उम्मेदवारहरुको निर्वाचन चिन्हहरू मध्ये कुनै दुई निर्वाचन चिन्हमा छुट्टा-छुट्टै छाप लगाई दुई उम्मेदवारलाई मतदान गर्नुपर्छ ।

८. यसरी हरेक पदका लागि आफूले रोजेको सात जना उम्मेदवारहरूको चिन्ह रहेको स्थानमा कोठाभित्र पर्ने गरी मत सङ्केत गर्नुपर्दछ ।

९. गोप्य मतदान कक्षसँगै राखिएको स्वस्तिक छाप लिई आफूले रोजेको उम्मेदवारको चिन्हमा रहेको कोठाभित्र पर्ने गरी मत सङ्केत गर्नुपर्दछ ।

१०. मतपत्रमा मत सँकेत गरे पछि मत पत्रलाई राम्ररी पट्याई मत पेटिकामा खसाल्नु पर्छ ।

११. यस पछि मतदाता तोकिएको स्थान र मार्गबाट बाहिर जानु पर्दछ ।

१२. मतपत्रमा पहिलो पाँच पदका लागि हरेक पदमा एकभन्दा बढी उम्मेदवारलाई मत दिएमा त्यस्तो मत बदर हुन्छ ।

१३. मतपत्रको छैठौं र सातौं लाइनवाट दुई जना वडा सदस्य पदमा निर्वाचित गर्नु पर्नेमा उम्मेदवार भएको वा नभएको निर्वाचन चिन्ह भएका दुई भन्दा बढी कोठामा मत संकेत गरिएकोमा सो पदको मत बदर हुन्छ ।

१४. मत सङ्केत गर्ने क्रममा स्वस्तिक छाप नबुझिने गरी मसी लत्पतिएमा मत बदर हुन्छ ।

१५. मतपत्रमा स्वस्तिक छाप बाहेक अन्य छाप लगाएमा वा अन्य चिन्हले मत सङ्केत गरेमा मत बदर हुन्छ ।

१६. दुईवटा निर्वाचन चिन्ह रहेको कोठाको बीचमा पर्ने गरी स्वस्तिक छाप लगाएमा मत बदर हुन्छ ।

१७. उम्मेदवारको चिन्ह रहेको कोठाभन्दा बाहिर स्वस्तिक छाप लगाएमा मत बदर हुन्छ ।

# मत बदर हुने अवस्था :

**मतदाताले मत सङ्केत गर्दा विचार पुऱ्याएर मतदान गर्नुपर्छ अन्यथा मत बदर हुन्छ । मतपत्र बदर हुने अवस्था:**

- सम्बन्धित मतदान अधिकृतको दस्तखत नभएको,
- औँठाछाप लगाई वा आयोगद्वारा निर्धारित स्वस्तिक चिह्न बाहेक अन्य चिह्न वा छाप लगाई मत सङ्केत गरिएको,
- मत सङ्केत चिह्न नबुझिने गरी लतपतिएको वा च्यातिएको,
- उम्मेदवारको निर्वाचन चिह्न रहेको कोठामा मत सङ्केत नगरी अन्यत्र मत सङ्केत गरिएको,
- उम्मेदवार नरहेको निर्वाचन चिह्नमा मात्र मत सङ्केत गरिएको,
- कुनैपनि उम्मेदवारको निर्वाचन चिह्नमा मत सङ्केत नगरिएको,
- निर्वाचित गर्नुपर्ने संख्या भन्दा बढी उम्मेदवारको निर्वाचन चिह्न भएको कोठामा छुट्टा-छुट्टै मत सङ्केत गरिएको,
- मत सङ्केत नगरी मतदान अधिकृतलाई फिर्ता दिइएको,
- आयोगद्वारा निर्धारित मतपत्र बाहेक अन्य मतपत्रद्वारा मतदान गरिएको,
- मतपेटिका भन्दा बाहिर राखिएको,
- जाली मतपत्र ।

**निर्वाचनको सन्दर्भमा मतदाताले देहायका कर्तव्य पूरा गर्नुपर्छ**

- मताधिकारबारे आफूलाई जानकारी भएको विषय अन्य मतदातालाई जानकारी गराउने ।
- निर्वाचनमा खटिएका कर्मचारीलाई आवश्यक सहयोग पुऱ्याउने ।
- मतदानमा प्रतिकूल असर पार्न खोज्ने प्रवृत्तिलाई निरुत्साहित गर्ने र आफू पनि कुनै होहल्ला वा हुलदङ्गामा नलाग्ने ।
- मतदानको दिन कुनै दल वा उम्मेदवारको नाम, निर्वाचन चिह्न वा सङ्केत भएको पहिरन, परिचयपत्र र व्याज नलगाउने ।
- मतदानको दिन सवारी साधन प्रयोग गरी आवत जावत गर्न वा कसैलाई पनि लाने वा ल्याउने कार्य नगर्ने तर शारीरिक रूपले अशक्त वा हिँडडुल गर्न नसक्ने मतदाताको लागि मतदान अधिकृतले तोकिदिएको सवारी साधन प्रयोग गर्न सकिने ।
- आचारसंहिता उल्लङ्घन भएको देखिएमा निर्वाचन आयोग, निर्वाचन अधिकृत वा निर्वाचनमा खटिएका कर्मचारीलाई जानकारी गराउनु पर्नेछ ।
- कसैले पनि अर्को मतदाताको नामको मतपत्र बुझिलिन वा अर्काको नामबाट मतदान गर्न हुँदैन । एउटै निर्वाचनका लागि एक भन्दा बढी पटक मतदान गर्न हुँदैन ।
- कसैले पनि मतदातालाई मतदान स्थलमा प्रवेश गर्न नदिन गौँडा वा बाटो छेक्न वा मतदान केन्द्रमा मतदान गर्न कुनै किसिमले बाधा अवरोध गर्न वा गराउन हुँदैन । यदि गरेमा कानून बमोजिम कारवाही हुनेछ ।

**निर्वाचनको सन्दर्भमा सामाजिक सञ्जाल प्रयोग गर्दा ध्यान दिनुपर्ने कुरा :**

- शीर्षककै आधारमा वा मन परेकै आधारमा लाइक, सेयर र कमेन्ट नगरौं,
- सूचनाको विश्वसनीयता जाँच गरौं,
- निर्वाचनमा प्रभाव पार्ने उद्देश्यले कसैले पनि सामाजिक सञ्जालमा झुटा साइट र एकाउन्ट सञ्चालन नगरौं,
- निर्वाचनलाई प्रभाव पार्ने उद्देश्यले होच्याउने, अपमान गर्ने, द्वेषपूर्ण अभिव्यक्ति (हेट स्पीच) दिने जस्ता कार्य नगरौं,
- कुनै प्रयोजनको लागि प्रकाशन वा प्रसारण भएको सूचना वा सामग्रीलाई निर्वाचनमा प्रभाव पार्ने उद्देश्यले तोडमोड गरी/गराई सामाजिक सञ्जालमा शेयर वा लाइक वा कमेन्ट नगरौं,
- कसैको चरित्र हत्या हुने, व्यक्तिगत लाञ्छना लगाउने, मानहानी हुने वा यस्तै प्रकृतिका सामग्री कुनै स्वरूपमा उत्पादन गर्ने तथा त्यस्ता सामग्री कुनै माध्यमबाट प्रकाशन वा प्रसारण नगरौं ।

# स्थानीय तह सदस्य निर्वाचन, २०७९

**वैशाख ३० गते शुक्रबार**

**विहान ७ बजेदेखि अपरान्ह ५ बजेसम्म**


# सही तरिकाले मत सङ्केत गरौं




अध्यक्ष/प्रमुख | उपाध्यक्ष/उपप्रमुख | वडा अध्यक्ष | महिला वडा सदस्य | दलित महिला वडा सदस्य | वडा सदस्य | वडा सदस्य

गाउँपालिका र नगरपालिकामा एक-एकजना अध्यक्ष/प्रमुख र उपाध्यक्ष/उपप्रमुख निर्वाचित हुनेछन् । पालिकाका प्रत्येक वडामा ५ सदस्यीय निर्वाचित वडा समिति रहन्छ ।

## मत सङ्केत गर्ने सही तरिका




## मतपत्र बदर हुने अवस्था



दुइवटा चिह्नका
बीच छाप लगाएमा



कोठा बाहिर
छाप लगाएमा




लत्पतिने गरी
छाप लगाएमा



औँठा छाप लगाएमा



मतदान अधिकृतको हस्ताक्षर
नभएको मतपत्र प्रयोग गरेमा



मतपेटिकाभन्दा बाहिर
मतपत्र राखेमा

निर्वाचनसम्बन्धी सही सूचना कहाँबाट पाउन सकिन्छ ?

निर्वाचन आयोग नेपालको फेसबुक पेज
fb.com/ecnofficial

निर्वाचन आयोग नेपालको वेबसाइट
election.gov.np

## स्थानीय तह निर्वाचनमा उम्मेदवारले गर्न पाउने खर्चको हद (रुपैयाँमा)

| क्र.सं. | खर्च शीर्षक | महानगरपालिका | | उपमहानगरपालिका | | नगरपालिका | | गाउँपालिका | | जिल्ला समन्वय समिति | | नगर कार्यपालिका गाउँ कार्यपालिका सदस्य |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | प्रमुख, उपप्रमुख | वडा अध्यक्ष र वडा सदस्य महिला र दलित वा अल्पसङ्ख्यक सदस्य | प्रमुख, उपप्रमुख | वडा अध्यक्ष र वडा सदस्य महिला र दलित वा अल्पसङ्ख्यक सदस्य | प्रमुख, उपप्रमुख | वडा अध्यक्ष र वडा सदस्य महिला र दलित वा अल्पसङ्ख्यक सदस्य | अध्यक्ष, उपाअध्यक्ष | वडा अध्यक्ष र वडा सदस्य महिला र दलित वा अल्पसङ्ख्यक सदस्य | प्रमुख, उपप्रमुख | सदस्य महिला र दलित वा अल्पसङ्ख्यक सदस्य | महिला, दलित र अल्पसङ्ख्यक समुदायबाट |
| १. | मतदाता नामावली खरिद | १,०००।- | ५००।- | १०००।- | ५००।- | १०००।- | ५००।- | १०००।- | ५००।- | | | |
| २. | सवारी साधन/घोडा | १,५०,०००।- | ३०,०००।- | १,१०,०००।- | २०,०००।- | ९०,०००।- | १६,०००- | ६०,०००।- | ११,०००।- | | | |
| ३. | सवारी इन्धन/दाना | ४०,०००।- | १५,०००।- | २६,०००।- | १५,०००।- | १९,०००।- | ११,०००- | २०,०००।- | ५,०००।- | | | |
| ४. | प्रचार प्रसार सामग्री | १,०००००।- | १,०००००।- | ८५,०००।- | ३५,०००।- | १,०००००।- | ७०,०००- | ८०,०००।- | ६०,०००।- | | | |
| ५. | ढुवानी | २५,०००।- | १०,०००।- | १५,०००।- | ८,०००।- | १०,०००।- | ७,०००- | ६,०००।- | ५,०००।- | | | |
| ६. | गोष्ठी/कार्यकर्ता परिचालन | १,३९,०००।- | ७५,०००।- | १,००,०००।- | ६५,०००।- | ८०,०००।- | ५१,०००- | ८०,०००।- | ३२,०००।- | एकमुष्ठ ५०,०००।- | एकमुष्ठ २५,०००।- | एकमुष्ठ २५,०००।- |
| ७. | अन्य प्रचार प्रसार, (छापा एवम् विद्युतीय माध्यम) | ९५,०००।- | २०,०००।- | १,००,०००।- | १५,०००।- | ६०,०००।- | १०,०००- | ३०,०००।- | ७,०००।- | | | |
| ८. | कार्यालय सञ्चालन | १,००,०००।- | २०,०००।- | ४०,०००।- | ६७,०००।- | ३०,०००।- | १२,०००- | १८,०००।- | १०,०००।- | | | |
| ९. | प्रतिनिधि परिचालन | ७५,०००।- | २५,०००।- | ६०,०००।- | २०,०००।- | ५०,०००।- | १८,०००- | ४५,०००।- | १६,०००।- | | | |
| १०. | विविध | २५,०००।- | ४,५००।- | १३,०००।- | ४,५००।- | १०,०००।- | ४,५००- | १०,०००।- | ३,५००।- | | | |
| | जम्मा | ७,५०,०००।- | ३,००,०००।- | ५,५०,०००।- | २,५०,०००।- | ४,५०,०००।- | २,००,०००।- | ३,५०,०००।- | १,५०,००० | ५०,०००।- | २५,०००।- | २५,०००।- |

स्थानीय तह निर्वाचन इ-बुलेटिन-२०७९ | निर्वाचन आयोग, नेपाल ELECTION COMMISSION, NEPAL

स्थानीय तह सदस्य निर्वाचन, २०७९ सँग सम्बन्धित सूचनाहरू आमसञ्चार माध्यम एवम् आमसरोकारहरूका लागि सहज पहुँचसहित सम्प्रेषण गर्ने उद्देश्यले आयोगका प्रवक्ता र सहप्रवक्ताका अतिरिक्त देहायबमोजिमका निर्वाचन सूचना सम्प्रेषण अधिकारी तोकिएको छ :

१) सहसचिव श्री तुलसीबहादुर श्रेष्ठ, मोबाइल नं. –९८५११२२०३३

२) उपन्यायाधिवक्ता श्री गुरूप्रसाद वाग्ले, मोबाइल नं.–९८४१४५१५३१

निर्वाचन आयोग, नेपाल ELECTION COMMISSION, NEPAL

**निर्वाचनसम्बन्धी आधिकारिक जानकारी तथा सूचनाका लागि निर्वाचन आयोगको वेबसाइट तथा सामाजिक सञ्जाल फलो गर्नुहोला।**


**इ-बुलेटिन प्रकाशन समिति**

**गोकर्णमणि दुवाडी,** सचिव-संरक्षक

**शालिग्राम शर्मा पौडेल**, सहसचिव- संयोजक

**कमल भट्टराई,** उपसचिव- सदस्य

**राजन नेपाल**- सदस्य, **प्रकाश सिलवाल**- सदस्य, **लोकबहादुर चौधरी**- सदस्य

**श्रवणकुमार लुइटेल**- सदस्य सचिव

डिजाइन- **ज्ञानेन्द्रकुमार लामा**, फोटो पत्रकार - **प्रदीपराज वन्त**

**टोल फ्री नं.:** ११०२ **फोन नं.:** ०१-५३२८६६३, **फ्याक्स:** ०१-५३२९२२७, **इमेल:** info@election.gov.np, **वेबसाइट:** www.election.gov.np

# स्थानीय तह सदस्य निर्वाचन २०७९

# निर्वाचन आयोग, नेपाल

पुरुष मतदाता ८९,९२,०१०

कुल मतदाता १,७७,३३,७२३

महिला मतदाता ८७,४१,५३०

अन्य मतदाता १८३

जम्मा निर्वाचित हुने ३५,२२१

- दलित महिला सदस्य ६,७४३
- महिला सदस्य ६,७४३
- खुला वडा सदस्य १३,४८६
- वडाध्यक्ष ६,७४३
- मेयर/अध्यक्ष ७५३ (मेयर २९३+अध्यक्ष ४६०)
- उपमेयर/उपाध्यक्ष ७५३ (उपमेयर २९३+उपाध्यक्ष ४६०)

## स्थानीय तह संख्या

| | |
|---|---|
| महानगरपालिका | : ६ |
| उप-महानगरपालिका | : ११ |
| नगरपालिका | : २७६ |
| गाउँपालिका | : ४६० |
| **जम्मा** | **: ७५३** |

पुरुष उम्मेदवार ८९,३१३

महिला उम्मेदवार ५५,६९८


जम्मा उम्मेदवार १,४५,०११

निर्विरोध निर्वाचित ३९०

स्थानीय तह निर्वाचन प्रयोजनका लागि आयोगमा दर्ता भएका दल ७९

स्थानीय तह निर्वाचनमा मनोनयन गराएका दल ६५

एउटा पनि उम्मेदवारी मनोनयन नगराएका दल १४



### सुदूरपश्चिम प्रदेश

| | |
|---|---|
| उपमहानगरपालिका | १ |
| नगरपालिका | ३३ |
| गाउँपालिका | ५४ |
| जम्मा पालिका | ८८ |
| जम्मा वडा | ७३४ |
| कूल मतदाता | १६,३२,१५० |
| मतदान स्थल | १,१३५ |
| मतदान केन्द्र | २,१०३ |

### कर्णाली प्रदेश

| | |
|---|---|
| नगरपालिका | २५ |
| गाउँपालिका | ५४ |
| जम्मा पालिका | ७९ |
| जम्मा वडा | ७१८ |
| कूल मतदाता | १०,०१,२८२ |
| मतदान स्थल | ९०७ |
| मतदान केन्द्र | १,३८५ |

### लुम्बिनी प्रदेश

| | |
|---|---|
| उपमहानगरपालिका | ४ |
| नगरपालिका | ३२ |
| गाउँपालिका | ७३ |
| जम्मा पालिका | १०९ |
| जम्मा वडा | ९८३ |
| कूल मतदाता | ३२,१९,४५७ |
| मतदान स्थल | १,६२९ |
| मतदान केन्द्र | ३,८३२ |

### गण्डकी प्रदेश

| | |
|---|---|
| महानगरपालिका | १ |
| नगरपालिका | २६ |
| गाउँपालिका | ५८ |
| जम्मा पालिका | ८५ |
| जम्मा वडा | ७५९ |
| कूल मतदाता | १७,८९,४११ |
| मतदान स्थल | १,२५३ |
| मतदान केन्द्र | २,३०० |

### बागमती प्रदेश

| | |
|---|---|
| महानगरपालिका | ३ |
| उपमहानगरपालिका | १ |
| नगरपालिका | ४१ |
| गाउँपालिका | ७४ |
| जम्मा पालिका | ११९ |
| जम्मा वडा | १,१२१ |
| कूल मतदाता | ३४,१२,८६९ |
| मतदान स्थल | १,७९२ |
| मतदान केन्द्र | ४,०९५ |

### प्रदेश १

| | |
|---|---|
| महानगरपालिका | १ |
| उपमहानगरपालिका | २ |
| नगरपालिका | ४६ |
| गाउँपालिका | ८८ |
| जम्मा पालिका | १३७ |
| जम्मा वडा | १,१५७ |
| कूल मतदाता | ३३,४७,३८४ |
| मतदान स्थल | १,८७७ |
| मतदान केन्द्र | ४,०५१ |

### मधेस प्रदेश

| | |
|---|---|
| महानगरपालिका | १ |
| उपमहानगरपालिका | ३ |
| नगरपालिका | ७३ |
| गाउँपालिका | ५९ |
| जम्मा पालिका | १३६ |
| जम्मा वडा | १,२७१ |
| कूल मतदाता | ३३,३१,१७० |
| मतदान स्थल | २,१६३ |
| मतदान केन्द्र | ४,१८९ |

निर्वाचन आचार संहिता लागू मिति २०७८ चैत २५

## उम्मेदवारको निर्वाचन खर्च

**महानगरपालिका**

| | |
|---|---|
| प्रमुख र उपप्रमुख | रु. ७,५०,००० |
| वडाअध्यक्ष र वडासदस्य | रु. ३,००,००० |

**उपमहानगरपालिका**

| | |
|---|---|
| प्रमुख र उपप्रमुख | रु. ५,५०,००० |
| वडाअध्यक्ष र वडासदस्य | रु. २,५०,००० |

**नगरपालिका**

| | |
|---|---|
| प्रमुख र उपप्रमुख | रु. ४,५०,००० |
| वडाअध्यक्ष र वडासदस्य | रु. २,००,००० |

**गाउँपालिका**

| | |
|---|---|
| अध्यक्ष र उपाध्यक्ष | रु. ३,५०,००० |
| वडाअध्यक्ष र वडासदस्य | रु. १,५०,००० |

**जिल्ला समन्वय समिति**

| | |
|---|---|
| प्रमुख र उपप्रमुख | रु. ५०,००० |
| सदस्य | रु. २५,००० |

## महानगरपालिका र उपमहानगरपालिकाको अवस्था

| प्रदेश | जिल्ला | स्थानीय तह | वडा संख्या | मतदान स्थल | मतदान केन्द्र | प्रमुख/उपप्रमुख | वडा अध्यक्ष | वडा सदस्य | कूल निर्वाचित हुने सख्या | कूल मतदाता |
|---|---|---|---|---|---|---|---|---|---|---|
| प्रदेश-१ | मोरङ | विराटनगर महानगर | १९ | २९ | १४० | २ | १९ | ७६ | ९७ | १३३१४२ |
| मधेश | पर्सा | विरगंज महानगर | ३२ | ५५ | १४३ | २ | ३२ | १२८ | १६२ | १२४६४७ |
| बागमती | काठमाण्डौ | काठमाण्डौ महानगर | ३२ | १५६ | ३६३ | २ | ३२ | १२८ | १६२ | ३००२४२ |
| बागमती | ललितपुर | ललितपुर महानगर | २९ | ५२ | १३७ | २ | २९ | ११६ | १४७ | १२२८९० |
| बागमती | चितवन | भरतपुर महानगर | २९ | ६५ | २०२ | २ | २९ | ११६ | १४७ | १८५७५२ |
| गण्डकी | कास्की | पोखरा महानगर | ३३ | ९८ | २४२ | २ | ३३ | १३२ | १६७ | २०७७१२ |
| प्रदेश-१ | सुनसरी | ईटहरी उपमहानगर | २० | २५ | १११ | २ | २० | ८० | १०२ | १०४६२६ |
| प्रदेश-१ | सुनसरी | धरान उपमहानगर | २० | २८ | १०७ | २ | २० | ८० | १०२ | १००३२४ |
| मधेश | धनुषा | जनकपुरधाम उपमहानगर | २५ | ५८ | १११ | २ | २५ | १०० | १२७ | ८६७६९ |
| मधेश | बारा | कलैया उपमहानगर | २७ | ५६ | ९२ | २ | २७ | १०८ | १३७ | ७०३५६ |
| मधेश | बारा | जीतपुरसिमरा उपमहानगर | २४ | ४३ | ८९ | २ | २४ | ९६ | १२२ | ७००६४ |
| बागमती | मकवानपुर | हेटौंडा उपमहानगर | १९ | २८ | ११३ | २ | १९ | ७६ | ९७ | १०४४७३ |
| लुम्बिनी | रुपन्देही | बुटवल उपमहानगर | १९ | १९ | ९३ | २ | १९ | ७६ | ९७ | ९००६५ |
| लुम्बिनी | दाङ | घोराही उपमहानगर | १९ | ४० | १२६ | २ | १९ | ७६ | ९७ | ११२९२७ |
| लुम्बिनी | दाङ | तुल्सिपुर उपमहानगर | १९ | ३३ | ११९ | २ | १९ | ७६ | ९७ | १०७६७७ |
| लुम्बिनी | बाँके | नेपालगंज उपमहानगर | २३ | ३४ | ९४ | २ | २३ | ९२ | ११७ | ८१७९४ |
| सुदुरपश्चिम | कैलाली | धनगढी उपमहानगर | १९ | ३४ | १०४ | २ | १९ | ७६ | ९७ | ९३१५१ |

मतदान स्थल १०,७५६

मतदान केन्द्र २१,९५५

निर्वाचनमा खटिने कर्मचारी १,०९,०८८

निर्वाचनमा खटिने स्वयंसेवक ६५,८६५

निर्वाचनमा खटिने पर्यवेक्षक ५,०००

ग्राफिक्स : रामकृष्ण राना